# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पाखीबास धनकुटा
## २०७३
## १ नं.प्रदेश नेपाल

प.सं.:-२०७७/०७८
च.नं.:- २४६६

मितिः- २०७८/०२/१८

**विषयः प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**श्री सबै सामुदायिक विद्यालयहरु,**
**पाखीबास नगरपालिका, धनकुटा ।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्षको सङ्घीय ससर्त अनुदानको स्वीकृत कार्यक्रम अन्तर्गत सम्पूर्ण विद्यालयहरुका लागि शिक्षकको कक्षाकोठामा बिताउने समयावधी सुधार योजना कार्यान्वयनका लागि उपलब्ध गराइने अनुदान, माध्यमिक विद्यालयहरुका लागि कार्यसम्पादनमा आधारित अनुदान र उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयहरुका लागि सिकाइ सुदृढीकरण अनुदान तथा कक्षा ६-८ सञ्चालित विद्यालयले गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि कियाकलापमा आधारित सामग्री Kits अनुदान प्राप्त गर्नका लागि यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्रमा तपसिल बमोजिमका कागजात सहित नगरकार्यपालिकाको कार्यालय पाखीबासमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपसिलः**

**१. शिक्षकको कक्षाकोठामा बिताउने समयावधी सुधार योजना कार्यान्वयनका लागि उपलब्ध गराइने अनुदानका लागिः**

क) शिक्षण सिकाइ समय मापन/कार्यान्वयन कार्यविधि-२०७४ लागु गर्ने सम्बन्धमा वि.व्य.स. को निर्णय,
ख) विद्यालयले कार्यविधि अनुसारको कार्य सम्पादन गरेको प्रमाण खुल्ने कागजात

**२. माध्यमिक विद्यालयहरुका लागि कार्यसम्पादनमा आधारित अनुदानका लागिः**

क) विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारहरु,
ख) विद्यालयले शिक्षण सिकाइ समयमापन सम्बन्धी कार्यविधि लागु गरेको सुनिश्चितताको विवरण ।

**३. उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयहरुका लागि सिकाइ सुदृढीकरण अनुदानका लागिः**

क) कक्षा ८, १० र १२ को वार्षिक परीक्षाको नतिजा, शिक्षक विद्यार्थी उपस्थिति विवरण, विद्यालयको समग्र सिकाइ उपलब्धी स्तर, विद्यार्थी कक्षा छोड्ने र दोहोऱ्याउने दर, विद्यालय बाहिरका बालबालिकाको अवस्था सम्वन्धी विवरण ।

**४. कक्षा ६-८ सञ्चालित विद्यालयले गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि कियाकलापमा आधारित सामग्री Kits अनुदानका लागिः**

क) विद्यालयमा गणित, विज्ञान र अङ्ग्रेजी विषयको शिक्षण सिकाइ कियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने सामग्री Kits हरुको विवरण ।

नोटः उपरोक्त कार्यक्रमहरु सञ्चालन/ लागु गर्दा वि.व्य.स. बाट निर्णय गराई सम्बन्धित क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ ।

०७८/२/१८

डिकबहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)
प्रमुख प्रशासकीय अधिकृत

पाखीबासको दृष्टिः शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि
फोन नं.: ०२६-४०५१६५, वेबसाइटः www.pakhribasmun.gov.np ईमेलः pakhribas.nagarpalika@gmail.com